# पोखरा महानगरपालिका वडा नं. १९, लामाचौरमा बसोवास गर्ने छन्त्याल जातिको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक प्रयोजनको लागि समाजशास्त्र तथा ग्रामिण विकास विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत**

***शोध पत्र***


शोधार्थी

**तारा छन्त्याल**

**रोल नं.** १०२/०६८

**परीक्षा रोल नं.** ४८०३८३

**रजिष्ट्रेसन नं.** ९-२-४८-३८६३-२००६



**त्रिभुवन विश्वविद्यालय**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**

२०७६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्रा तारा छन्त्यालद्वारा **"पोखरा महानगरपालिका वडा नं. १९, लामाचौरमा बसोवास गर्ने छन्त्याल जातिको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन"** शीर्षकमा सम्बन्धित शोधपत्र आवश्यक मूल्याङ्नका लागि समिति समक्ष सिफारिस गर्दछु ।

.......................................
(नारायणी सिग्देल)

**शोध निर्देशक**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**मितिः २०७६/०४/१०**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
पत्र संख्या
चलानी नं.
( ........................ )
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal
520142
520143
520389
523462
526837
527440
531944

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोधार्थी छात्रा तारा छन्त्यालद्वारा प्रस्तुत भएको “**पोखरा महानगरपालिका वडा नं. १९, लामाचौरमा बसोवास गर्ने छन्त्याल जातिको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन**” शीर्षकको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

....................................
(नारायणी सिग्देल)
**शोध निर्देशक**

....................................
(अञ्चला चौधरी)
**बाह्य परीक्षक**

.............................
(प्रा.डा.विश्वकल्याण पराजुली)
**विभागीय प्रमुख**
**मिति :**

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको समाजशास्त्र विषयको शोधपत्र स्नातकोत्तर उपाधिको प्रयोजनका निमित्त तयार गरिएको हो । अध्ययन क्षेत्रको छनौटमा परेका उत्तरदातालाई सशक्त गराई उनीहरुको सामाजिक, आर्थिक साथसाथै शिक्षामा पारेको प्रभाव खोजमुलक अध्ययन गरिएको छ । पोखरा महानगरपालिका वडा नं. १९ यसको अध्ययन क्षेत्र हो । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा हरतरहले सहयोग, सुझाव र परामर्श दिइ मार्गनिर्देश गर्नुहुने पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा ग्रामिण विकास विभागका शोध निर्देशक नारायणी सिग्देलज्यूप्रति आभार व्यक्त गर्दछु । शोधपत्रमा भएका कमिकमजोरीलाई परिमार्जन गरी सहयोग गर्नुहुने विभागका विभीय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुलीप्रति कृतज्ञ छु । त्यस्तैगरी बेला बेलामा शोध अध्ययनको लाथि थप उर्जा प्रदान गर्नुहुने आदरणीय गुरुजनहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

तथ्याङ्क सङ्कलनका क्रममा महत्वपूर्ण सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने अध्ययन क्षेत्रका उत्तरदाता एवं वडा सचिव शोभामोहन पौडेलप्रति आभार प्रकट गर्दछु । प्रस्तुत शोध कार्यमा हरपल सहयोग पुऱ्याउनुहुने मेरो परिवारको सम्पूर्ण सदस्यहरुप्रति आभार व्यक्त गर्दछु । टाइपिङ तथा छपाईमा सहयोग गर्नुहुने क्वीक कम्प्युटर सर्भिस पोखरा-१, बगर एवं विविध सल्लाह सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

**मितिः २०७६ श्रावण** **तारा छन्त्याल**

# विषयसूची


| | | पेज नं. |
|---|---|---|
| *सिफारिस पत्र* | | *i* |
| *स्वीकृति पत्र* | | *ii* |
| *कृतज्ञताज्ञापन* | | *iii* |
| *विषयसूची* | | *iv* |
| *तालिका सूचि* | | *vii* |
| *चित्र सूचि* | | *viii* |
| *शोध सार* | | *ix* |
| **अध्याय- एक : परिचय** | | **१-९** |
| १.१. | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ५ |
| १.४ | अध्ययनको महत्व | ६ |
| १.५ | अध्ययनको सीमा | ७ |
| १.६ | अवधारणागत खाका | ८ |
| १.७ | अध्ययनको साङ्गठनिक ढाँचा | ९ |
| **अध्याय - दुई : साहित्यको पुनरावलोकन** | | **१०-२६** |
| २.१ | अवधारणागत पृष्ठभूमि | १० |
| २.२ | सैद्धान्तिक पुनरावलोकन | २१ |
| २.३ | पूर्व साहित्य समीक्षा | २४ |
| **अध्याय तीन : अध्ययन विधि** | | **२७-३८** |
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | २७ |
| ३.२ | अनसुन्धान ढाँचा | २७ |
| ३.३ | तथ्याङ्कको स्रोत र प्रकृति | २७ |
| ३.४ | प्राथमिक तथ्याङ्क सङ्कलनका विधिहरू | २८ |
| ३.५ | समग्र अध्ययन विधि | २९ |
| ३.६ | तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण | २९ |

**अध्याय चार : सामाजिक जनसाङ्ख्यिक अवस्था** **३०-४०**

४.१ परिचय ३०

४.१.१ अध्ययन क्षेत्रको सङ्क्षिप्त परिचय ३०

४.१.२ भौगोलिक अवस्थिति ३०

४.१.३ जनसाङ्खिक विवरण ३१

४.२ सामाजिक विवरण ३४

४.२.१ परिवारको किसिम ३४

४.२.२ शिक्षा ३५

४.२.३ जन्मदेखि मुत्युसम्मका संस्कारहरु ३६

४.२.४ आफ्नो समुदायको सङ्गठनमा आवद्ध ३६

४.२.५ सामुदायीक संगठनमा आफ्ना रायहरु प्रस्तुत ३७

४.२.६ आफ्नो संगठनको अलवा अन्य संघ संस्थामा आवद्ध ३७

४.२.७ संलग्नता भए आफ्नो भूमिका ३८

४.२.८ घरको प्रकार ३९

४.२.९ छन्त्याल समुदायको शैक्षिक अवस्था ३९

**अध्याय पाँच : आर्थिक एवम् आर्थिकताले शिक्षामा पारेको प्रभाव** **४१-५६**

५.१ आर्थिक अवस्था ४१

५.१.१ बसाईसराई आउने पुस्ता विवरण ४२

५.१.२ बसाई सरी आउनुको कारण ४२

५.१.३ आम्दानीको स्रोत ४३

५.१.४ मासिक आम्दानी ४४

५.१.५ आम्दानीबाट सन्तुष्ट ४५

५.२ शैक्षिक अवस्था ४५

५.२.१ घरमुलीको शैक्षिक अवस्था ४५

५.२.२ बालबालिका अध्ययन गर्ने संस्था ४६

५.२.३ निजी विद्यालयमा पढाउनुको कारण ४७

५.२.४ बालबच्चाहरुलाई उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने धारणा ४८

५.२.५ बालबच्चाहरुलाई उच्च शिक्षासम्म पढाउनुको कारण ४९

५.२.६ बालबच्चाको उच्च शिक्षामा आर्थिकता ५०

५.२.७ आर्थिकताको कारण शिक्षामा प्रभाव ५१

५.२.८ छन्त्याल जातिको हालको शिक्षाको अवस्था ५४

**अध्याय छ : सारांश, निष्कर्ष** **५७-६२**

६.१ सारांश ५७

६.२ निष्कर्ष ६०

*सन्दर्भ सूची*

*अनुसूचिहरू*

# तालिका सूचि


| तालिका | शीर्षक | पेज |
|---|---|---|
| ४.१ | पोखरामा बसोबास गर्ने छन्त्याल जातिको क्षेत्र अनुसार विवरण | ३३ |
| ४.२ | छन्त्याल समुदायको लैङ्गिक अवस्था | ३४ |
| ४.३ | पारिवारिक विवरण | ३५ |
| ४.४ | उत्तरदाताका शैक्षिक विवरण | ३५ |
| ४.५ | उत्तरदाताको आफ्नो जातीय संस्थामा आवद्ध विवरण | ३६ |
| ४.६ | उत्तरदाताको आफ्ना भावना व्यक्त | ३७ |
| ४.७ | उत्तरदाताको अन्य संघसंस्थामा आवद्धता | ३७ |
| ४.८ | अन्य संस्थामा आवद्धता एवम् भूमिका | ३७ |
| ४.९ | उत्तरदाताको घरको प्रकार | ३९ |
| ४.१० | छन्त्याल समुदायको शिक्षाको अवस्था | ४० |
| ५.१ | बसाईसरी आउने पुस्ता | ४२ |
| ५.२ | उत्तरदाताको बसाइसरी आउनुको कारण | ४३ |
| ५.३ | उत्तरदाताको मुख्य आम्दानीको स्रोत | ४३ |
| ५.४ | उत्तरदाताको मासिक आम्दानी | ४४ |
| ५.५ | उत्तरदाताको आफ्नो आम्दानीबाट सन्तुष्टि | ४५ |
| ५.६ | घरमुलीको शैक्षिक अवस्था | ४६ |
| ५.७ | बालबालिका अध्ययन गर्ने संस्था | ४६ |
| ५.८ | उत्तरदाताको बालबच्चाहरु निजी विद्यालयमा पढाउनुको कारण | ४७ |
| ५.९ | उत्तरदाताको बालबच्चाहरु उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने ज्ञान | ४८ |
| ५.१० | उत्तरदाताको बालबच्चाहरु उच्च शिक्षासम्म पढाउनुको कारण | ५० |
| ५.११ | उत्तरदाताको बालबच्चाको उच्च शिक्षाको लागि आर्थिकता | ५१ |
| ५.१२ | उत्तरदाताको आर्थिकताको कारण शिक्षामा प्रभाव | ५२ |
| ५.१३ | उत्तरदाताको शिक्षा आर्जन गर्दा आर्थिकता | ५३ |
| ५.१४ | उत्तरदाताको हालको शिक्षाको अवस्था | ५४ |

# शोध सार

छन्त्याल समुदायको शिक्षामा आर्थिक पक्षले पारेको प्रभावलाई पत्ता लगाउनका लागि छन्त्याल जातिको ऐतिहासिक पृष्ठभूमि कस्तो रहेको छ ? यस समुदायको आर्थिक एवं शैक्षिक अवस्था कस्तो छ ? आर्थिक अवस्थाले शिक्षामा कस्तो प्रभाव पारेको छ ? जस्ता समस्याको समाधानको निम्ति छन्त्याल समुदायको आर्थिक अवस्थाको अध्ययन गर्नु र छन्त्याल जातिको आर्थिकताले शैक्षिक अवस्थामा पारेको प्रभाव बारे विश्लेषण गर्नु उद्देश्य लिइ यो शोध अध्ययन गरिएको हो । पोखरा म.न.पा. वडा नं. १९, लामाचौरमा बसोबास गर्ने ४० घरपरिवारको आर्थिक र शैक्षिक पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ । यो जाति अन्य जातिको तुलनामा आर्थिक, शैक्षिक रुपले पिछडिएको देखिन्छ । विद्यालयको पहुँच क्षेत्रभित्र रहेर पनि शिक्षा आर्जनमा किन पछाडि परेको छ? भन्ने विषयवस्तुलाई उनीहरुको आर्थिक पक्षसँग सम्बन्धित अध्ययन गरी यथार्थ पत्ता लगाउन अनुसन्धानकर्ताले यस वस्तीलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । यस अनुसन्धानमा मुख्यतः वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ । प्रस्तुत अनुसन्धानको लागि कास्की जिल्ला अन्तर्गत पोखरा म.न.पा वडा नं. १९, लामाचौरका ४० घरधुरीलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अध्ययनको उद्देश्यमा आधारित भएर अवलोकन, अन्तरवार्ता अनुसूचिको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत छन्त्याल समुदायसँग सम्बन्धित लेख रचना विद्यालय प्रोफाइल गा.वि.स. प्रोफाइल जि.वि.स.को तथ्याङ्क, विभिन्न शोधपत्रहरु, स्थानीय पत्रपत्रिकाहरु साथै सम्बन्धित साहित्यको सहयोग लिइएको छ ।

कुल ४० जना उत्तरदाता मध्ये एकल परिवार भएका उत्तरदाताहरु बढी रहेको पाइयो । समग्रमा हेर्दा एस.ई. ई. भन्दा कम पढेका अर्थात् साक्षर मात्र रहेका बढी संख्या र उच्च शिक्षा हासिल गर्ने संख्या अती न्यून रहेको पाइयो । साक्षरताको हकमा महिला भन्दा बढी पुरुष नै साक्षर रहेको पाइयो । आफ्नो जातीय संघसंस्थामा पूरै घरधुरी आवद्ध भएको पाइयो भने बाहिरी संघसंस्थामा केही घरधुरीका सदस्यहरु मात्र आवद्ध भएका त्यसमा पनि आमा समुह र टोल विकास सस्थाको सदस्यको रुपमा रहेको पाइयो । आफ्नो संस्थामा आफ्ना विचारहरु प्रष्ट राख्ने सक्ने भएता पनि बाहिरी संघसंस्थामा अझै घुलमिल हुने सकेको पाइएन । अध्ययन क्षेत्रका छन्त्यालहरुक धेरैजसोको आफ्नै पक्की घर रहेको र न्यून संख्या मात्र भाडामा बसेको पाइयो ।

समग्रमा छन्त्याल समुदायको शैक्षिक स्तर कमजोर भएकै कारण जागिरमा प्रवेशको लागि आवश्यक योग्यता बनाउन नसकेका कारण विदेश गएपनि हाल आएर केही युवाहरू १० जोड २, उच्च शिक्षासम्म पढेकोले शैक्षिक गुणस्तरमा सुधार आएको छ। स्थलगत अध्ययनबाट उक्त छन्त्याल समुदायमा शिक्षाको अवस्था कमजोर हुनुमा उनीहरूको आर्थिक अवस्था नै जिम्मेवार रहेको पुष्टि हुन्छ । राम्रो आर्थिक अवस्था भएको परिवार र कमजोर आर्थिक अवस्था भएको परिवारका बिच तुलनात्मक शैक्षिक अवस्थालाई विश्लेषण गर्दा पनि थप पुष्टि भएको पाइन्छ।

आर्थिकताको मुख्य कारण बैदेशिक रोजगार र पेन्सन नै मानिन्छ भने व्यापार र जागिरबाट आम्दानी गर्ने कम रहेको पाउन सकिन्छ। आर्थिकताको हिसावले मासिक रुपमा ५० हजार देखि १ लाखसम्म र १ लाख भन्दा बढी आम्दानी गर्ने उत्तरदाताहरुको संख्या बढी पाइयो । आफ्ना बालबालिकाहरुलाई पठनपाठनको लागि सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै रोजेको अर्थात् निजी विद्यालयप्रति बढी अभिरुचि देखाएको पाइन्छ। आफ्नो बालबच्चाहरुको भविष्यको लागि समय सुहाउँदो शिक्षा दिन सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै सक्षम छन् भन्ने जानकारी पाउन सकिन्छ। सबै उत्तरदाताहरु आफ्ना बालबालिकाहरुलाई उच्च शिक्षासम्म ज्ञान दिन आवश्यक छ भन्ने जानकारी पाइयो । त्यसैले अबको शिक्षा भनेको उच्च शिक्षासम्म नै दिनुपर्छ भन्ने मान्यता यस अध्ययनबाट पाइन्छ।